# निर्वाचन आयोग, नेपाल
# ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:


## प्रेस विज्ञप्ति

२०७९ असार २८ गते

### अनलाइनवाट मतदाता नामावली दर्ता गर्ने सम्बन्धमा

फोटो सहितको मतदाता नामावली संकलनको कार्यलाई सरलीकरण गर्दै अनलाईनबाट नै फाराम भरी मतदाता नामावली दर्ता गर्न सकिने गरी आयोगले Web-based Voter List Pre Registration System तयार गरी Pilot Operation को रुपमा काठमाठौं उपत्यकाका ३ जिल्ला (काठमाडौं, भक्तपुर र ललितपुर) बाट यही मिति २०७९ असार २९ गतेदेखि सुरु गर्नेगरी आयोगले मिति २०७९।३।२८ मा निर्णय गरेको छ । फोटोसहितको मतदाता नामावलीमा हालसम्म नाम दर्ता नगरेका नेपाली नागरिकले अनलाईनबाट फाराम भर्न चाहेमा निर्वाचन आयोग, नेपालको वेबसाईट www.election.gov.np मा गई व्यक्तिगत विवरण भरि जिल्ला निर्वाचन कार्यालय (हाललाई काठमाडौं उपत्यकाका तीन जिल्लामा) अनलाईनबाटै पेश गर्न सकिने छ र सो पश्चात् अनलाईन फाराममा उल्लिखित संकेत नं. सहितको प्रिन्ट कपी र आवश्यक अन्य प्रमाण कागजात लिएर फोटो खिच्न र औंठा छाप दिन सम्बन्धित जिल्ला निर्वाचन कार्यालयमा सम्पर्क राख्न जानु पर्नेछ । यसर्थ, मतदाता नामावलीमा हालसम्म नाम दर्ता नगरेका नेपाली नागरिकले यस अनलाईन सेवाको उपयोग गरी आफ्नो मताधिकार सुनिश्चित गर्नु गराउनु हुन आयोग अनुरोध गर्दछ ।

२०७९/०३/२८

( शालिग्राम शर्मा पौडेल )
सह सचिव एवम् प्रवक्ता


"स्वतन्त्र र निष्पक्ष निर्वाचन: राष्ट्को गौरव"
" Free and Fair Election: Pride of Nation"
कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३ । फ्याक्स: (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np